राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २०६ २०८२ फागुन १६ गते शनिवार (28 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## देउवादेखि आफ्नै सम्पत्ति छानबिन गर्ने थापाको प्रतिबद्धता

दैनिक समाचारदाता

काठमाडौं, १५ फागुन । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी नेतृत्वमा सरकार गठन भए निवर्तमान सभापति शेरबहादुर देउवादेखि आफ्नै सम्पत्तिसम्म छानबिन गरिने बताएका छन्।



शुक्रबार पोखरामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै थापाले भ्रष्टाचारविरुद्ध कडा कदम चाल्ने प्रतिबद्धता व्यक्त गरे। उनले २०४६ सालपछि प्रधानमन्त्री तथा मन्त्री भएका सबै व्यक्तिको सम्पत्ति निष्पक्ष रूपमा छानबिन गरिने स्पष्ट पारे।

"देशले भ्रष्टाचारबाट मुक्ति चाहेको छ। कांग्रेस नेतृत्वको सरकारले पहिलो काम शक्तिशाली छानबिन आयोग गठन गर्नेछ," उनले भने, "त्यो आयोगले २०४६ सालपछि प्रधानमन्त्री भएका शेरबहादुर देउवा र मन्त्री भएका गगन थापाको सम्पत्तिसमेत सबैभन्दा पहिले छानबिन सुरु गर्छ। आफ्नै मान्छे भए पनि छोडिँदैन, हरेक विषय र काण्डको छानबिन हुन्छ।"

थापाले भविष्यमा भ्रष्टाचार दोहोरिन नदिने गरी कानुनी र संस्थागत सुधार गरिने दाबी गरे। उनका अनुसार पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सक्षम र स्वतन्त्र आयोग गठन गरिनेछ।

सभामा उनले शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र उद्योग क्षेत्रमा पाँच वर्षभित्र "क्रान्तिकारी रूपान्तरण" ल्याउने प्रतिबद्धता पनि जनाए। उक्त लक्ष्य हासिल गर्न कानुनी तथा संस्थागत सुधारमार्फत अघि बढिने उनले बताए।

"परिवर्तन चाबुक चलाएर होइन, कसैलाई झुण्ड्याएर होइन; नियम र कानुनभित्र रहेर सम्भव छ," थापाले भने, "नेपाली कांग्रेसले विधि, प्रक्रिया र संस्थागत सुदृढीकरणमार्फत देशलाई अगाडि बढाउने संकल्प गरेको छ।"

## आचारसंहिता उल्लंघनमा हजारभन्दा बढी कारबाही

दैनिक समाचारदाता

काठमाडौं १५ फागुन । निर्वाचन आयोगले देशभरका १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा एक हजारभन्दा बढी व्यक्तिमाथि निर्वाचन आचारसंहिता उल्लंघनको कारबाही गरिएको जनाएको छ।



शुक्रबार पत्रकारसँग कुराकानी गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले हालसम्म प्राप्त प्रतिवेदनअनुसार व्यापक रूपमा कारबाही अघि बढाइएको जानकारी दिए।

"पूरा १६५ निर्वाचन क्षेत्रमा एक हजारभन्दा बढी कारबाही भएको रिपोर्ट आयोगमा आएको छ," उनले भने, "यसका अतिरिक्त कसैले आचारसंहिता उल्लंघन गरेको पाइएमा स्पष्टीकरण मागेर फाइल विश्लेषण गरी निर्णय गरिनेछ।"

उनका अनुसार आचारसंहिता उल्लंघनका घटनामा आयोगले सजायमुखी निर्णयसमेत गरेको छ। थप उल्लंघन देखिएमा तत्काल निर्णय लिने तयारी रहेको उनले स्पष्ट पारे।

निर्वाचनपूर्व परेका उजुरीहरू २० गतेभित्र टुंगो लगाइसक्ने आयोगको लक्ष्य रहेको पनि भण्डारीले जानकारी दिए। उनले स्वच्छ, निष्पक्ष र पारदर्शी निर्वाचन सुनिश्चित गर्न आयोग प्रतिबद्ध रहेको दोहोऱ्याए।

## सडक प्रयोग गर्दा सावधानी अपनाऔं।

- सडक सीमा अतिक्रमण नगर्नुहोस्।
- सडक सीमामा अस्थायी वा स्थायी संरचना निर्माण नगर्नुहोस्।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिनुहोस्।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र अरुलाई पनि पालना गराऔं।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगर्नुहोस्।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगर्नुहोस्।
- जेब्रा क्रसिङबाट मात्र बाटो काट्नुहोस्।
- सडकको तत्काल मर्मतसम्भार गर्नुहोस्।

*यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गर्नुहोस्।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## निर्वाचनका लागि तीन दिन रेल सेवा बन्द

दैनिक समाचारदाता

जनकपुरधाम, १५ फागुन । नेपाल रेल्वे कम्पनी लिमिटेडले प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ लाई लक्षित गर्दै भंगहा-जनकपुर-जयनगर खण्डमा सञ्चालित रेल सेवा अस्थायी रूपमा बन्द गर्ने निर्णय गरेको छ।




कम्पनीले शुक्रबार जारी गरेको सूचनाअनुसार फागुन १९ गते मंगलबारदेखि फागुन २१ गते बिहीबारसम्म तीन दिन रेल सेवा पूर्ण रूपमा स्थगित रहनेछ। फागुन २१ गते बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म सञ्चालन हुने मतदान कार्यलाई स्वच्छ, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यले सेवा बन्द गरिएको कम्पनीले जनाएको छ।

जयनगर-जनकपुर-बर्दिवास खण्डमा चल्ने रेल सेवा निर्वाचनभन्दा ७२ घण्टा अगावै बन्द गर्ने व्यवस्था गरिएको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालले जानकारी दिए। उनका अनुसार सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन र मतदान प्रक्रिया शान्तिपूर्ण रूपमा सम्पन्न गर्न यस्तो निर्णय गरिएको हो।

रेल सेवा बन्दबाट यात्रुहरूमा पर्न जाने असुविधाप्रति कम्पनीले क्षमायाचना व्यक्त गरेको छ। साथै फागुन २२ गते शुक्रबारदेखि साविक बमोजिम नियमित रेल सेवा पुन: सञ्चालनमा आउने पनि कम्पनीले स्पष्ट पारेको छ।

## जनमतका शम्भुनाथ साह कांग्रेस प्रवेश

दैनिक समाचारदाता

जनकपुरधाम, १५ फागुन । सीके राउत नेतृत्वको जनमत पार्टीका केन्द्रीय सदस्य तथा विदेश विभाग प्रमुख शम्भुनाथ साह शुक्रबार नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।




जनकपुरधाममा आयोजित कार्यक्रममा साहलाई कांग्रेसका नेता तथा धनुषा निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार विमलेन्द्र निधिले फुलमाला र गम्छा ओढाएर पार्टीमा स्वागत गरेका छन् ।

कांग्रेस प्रवेशपछि प्रतिक्रिया दिँदै साहले जनमत पार्टी "आँधीबेहरीजस्तो आएर उस्तै गतिमा कमजोर भएको" टिप्पणी गर्दै मुलुकलाई स्थायित्व र नीतिगत दिशानिर्देश दिन सक्ने शक्ति कांग्रेस मात्र भएको दाबी गरे । देशको

*बाँकी पृष्ठ ४मा*

## अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# 'द केरल स्टोरी २' प्रदर्शनमा अदालतको रोक



मुम्बई । भारतको केरल उच्च अदालतले फिल्म 'द केरल स्टोरी २' को प्रदर्शनमा रोक लगाएको छ । सेन्सर प्रमाणपत्रबारे उठेका प्रश्नपछि अदालतले केन्द्रीय फिल्म प्रमाणन बोर्डलाई फिल्म पुनः समीक्षा गर्न निर्देशन दिएको हो ।

यो फिल्म शुक्रबारदेखि प्रदर्शन तयारीमा थियो । केही व्यक्तिले अदालतमा निवेदन दिँदै फिल्मको नाम र कथावस्तुले केरलको छवि बिगार्न सक्ने चिन्ता व्यक्त गरेका थिए ।

निवेदकहरूको भनाइमा फिल्ममा जबरजस्ती धर्म परिवर्तन र आतंकवादजस्ता विषय देखाइएको छ, जसले राज्यबारे गलत सन्देश जान सक्छ र मानिसको भावना उत्तेजित हुन सक्छ ।

अदालतले बुधबार फिल्म हेरेपछि मात्र निर्णय गर्ने बताएको थियो । तर निर्माण पक्षले फिल्म प्रदर्शन गर्न नमानेको जनाइएको छ । सुनुवाइका क्रममा अदालतले केरलमा सामाजिक सद्भाव रहेको उल्लेख गर्दै फिल्ममा भने यस्ता घटना राज्यभर भइरहेजस्तो देखाइएको टिप्पणी गरेको थियो ।

फिल्म निर्माताको तर्फबाट बहस गर्दै वकिलले यो मुद्दा जनहित निवेदनजस्तो देखिएको र निवेदकले आफ्नो व्यक्तिगत क्षति स्पष्ट रूपमा देखाउन नसकेको बताएका छन् ।

यता निवेदक पक्षले भने धेरै मानिसमा एउटै किसिमको चिन्ता रहेको अवस्थामा उनीहरूको आवाज पनि सुन्नुपर्ने तर्क गरेका छन् । यसबीच टीजरलाई लिएर पनि अदालतमा छलफल भएको थियो । सेन्सर बोर्डले टीजर वा ट्रेलर आफूले पास नगरेको भन्दै सामाजिक सञ्जालमा राखिएको सामग्रीका लागि आफू जिम्मेवार नभएको स्पष्ट पारेको छ ।

निर्माता विपुल शाहले बुधबारको सुनुवाइका क्रममा फिल्मको शीर्षक परिवर्तन गर्ने प्रस्तावको पनि विरोध गरेका थिए । उनका अनुसार फिल्ममा तीन वटा राज्यका कथा समेटिएका छन्, जसमा केरल पनि पर्दछ ।

उनले शीर्षकमा राखिएको "गोज बियोन्ड" शब्दले नै कथा केवल केरलमै सीमित नभई त्यसभन्दा बाहिरका घटनासमेत समेटिएको संकेत गर्ने बताएका छन् ।

निर्माताले शीर्षकको पक्षमा तर्क गर्दै फिल्मले केरललाई गलत ढंगले लक्षित नगरेको पनि स्पष्ट पारेका छन् । अदालत अहिले तीन वटा निवेदनमाथि सुनुवाइ गरिरहेको छ, जुन तीन फरक व्यक्तिहरूले दर्ता गरेका हुन् ।

यी निवेदनमा प्रदर्शन रोक्न र केन्द्रीय फिल्म प्रमाणन बोर्डले दिएको प्रमाणपत्र खारेज गर्न माग गरिएको छ । केही समयअघि सार्वजनिक गरिएको ट्रेलरमा मुख्य रूपमा धर्म परिवर्तन, 'लभ जिहाद' र आतंकवादजस्ता विषयलाई उठाइएको छ ।

फिल्ममा विभिन्न राज्यका तीन युवतीको कथा देखाइएको छ, तर शीर्षकमा भने केरल उल्लेख गरिएको छ ।

# उदयपुरमा रश्मिका-विजयको विवाह

काठमाडौं । दक्षिण भारतीय फिल्म क्षेत्रका चर्चित कलाकार रश्मिका मन्दना र विजय देवरकोंडा वैवाहिक जीवनमा आबद्ध भएका छन्। उनीहरूले बिहीबार भारतको उदयपुरमा पारिवारिक उपस्थितिमा विवाह सम्पन्न गरेका हुन्।



राजस्थानस्थित उदयपुरमा आयोजित विवाह समारोह अत्यन्त निजी राखिएको थियो। कार्यक्रममा दुवै पक्षका परिवारजन र निकट मित्रहरूको मात्र सहभागिता रहेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। विवाहमा तेलुगु तथा कोदावा परम्पराअनुसार धार्मिक विधि-विधान सम्पन्न गरिएको बताइएको छ।

विवाहका आधिकारिक तस्बिरहरू हालसम्म सार्वजनिक गरिएको छैन। दुवै कलाकारले आफ्नो वैवाहिक समारोहलाई 'विरोश' नाम दिएका छन्, जुन उनीहरूका नामको संयोजनबाट बनेको हो। लामो समयदेखि प्रेम सम्बन्धमा रहेका यी दुईले केही दिनअघि सामाजिक सञ्जालमार्फत विवाहबारे संकेत गरेका थिए।

रश्मिका मन्दना र विजय देवरकोंडाले सन् २०१८ मा प्रदर्शनमा आएको गीता गोविन्दम र सन् २०१९ को डियर कमरेडमा सँगै अभिनय गरेका थिए। ती दुवै फिल्ममा देखिएको उनीहरूको अभिनय र केमेस्ट्री दर्शकहरूले अत्यन्त रुचाएका थिए।

फिल्ममार्फत सुरु भएको सहकार्य व्यक्तिगत सम्बन्धमा रूपान्तरण हुँदै अन्ततः वैवाहिक सम्बन्धमा परिणत भएको भन्दै उनका प्रशंसकहरूले सामाजिक सञ्जालमा शुभकामना व्यक्त गरिरहेका छन्।

# फिल्म 'प्रवासी जीवन' प्रदर्शनमा

काठमाडौं । शुक्रबारदेखि नेपालका हलमा दुई नयाँ फिल्म प्रदर्शनमा आएका छन् । राजेश हमाल स्टारर सोसल ड्रामा 'प्रवासी जीवन' र हलिउडको हरर फिल्म 'स्क्रिम सेभेन' रिलिज भएका हुन् ।

श्याम क्षेत्री र राम अधिकारी निर्देशित फिल्म 'प्रवासी जीवन' ले विशेषगरि अमेरिकामा बसोबास गर्ने नेपालीको दुःख, संघर्ष र भोगाइलाई चित्रण गरेको छ ।

यो फिल्ममा हमालसहित सरिता लामिछाने, बुद्धि तामाङ र श्याम क्षेत्रीको शीर्ष भूमिका छ । यो फिल्मको रनटाइम ११० मिनेट र सर्टिफिकेट पीजी छ ।

हलिउडको हरर फिल्म 'स्क्रिम सेभेन' लाई केभिन विलियमसनले निर्देशन गरेका हुन् । भूतको अनुहार बोकेको एक पात्रले आफ्नो परिवार र छोरीलाई आक्रमण गर्न थाल्छ । यो चुनौतिलाई रोक्न पात्रले संघर्ष गर्नुपर्छ । तपाईंलाई हरर फिल्ममा रुचि छ भने यो फिल्म दर्शनीय हुनसक्छ ।

यो फिल्मले एडल्ट सर्टिफिकेट प्राप्त गरेको छ भने रनटाइम ११४ मिनेट छ ।




अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com // मो.नं.: ९८५४०२०९२२

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नाक बन्द हुँदा तुरुन्तै राहत मिल्ने ६ घरेलु तरिकाहरू



मौसम परिवर्तन हुने बेला नाक बन्द हुनु सामान्य कुरा हो तर यसले कहिलेकाहीं धेरै नै दुःख दिन्छ। जब नाक बन्द हुन्छ र सास फेर्न गाह्रो हुन्छ भने धेरै चिडचिडाहट महसुस हुन्छ। धेरै पटक यसै कारण राति सुत्न पनि गाह्रो हुन्छ।

नाक बन्द हुने समस्या सामान्यतया रुघाखोकी, एलर्जी, साइनस इन्फेक्सन वा वातावरणीय कारणबाट हुन्छ। यस्तो अवस्थामा चिकित्सकीय उपचार आवश्यक हुन सक्छ। केही घरेलु तरिकाहरू अपनाउँदा राहत मिल्छ।

यी तरिकाहरू प्राकृतिक र सुरक्षित छन्, तर यदि समस्या ७-१० दिनभन्दा बढी रह्यो, ज्वरो आयो वा सास फेर्न निकै गाह्रो भयो भने चिकित्सकसँग परामर्श लिनुपर्छ।

*१. बाफ लिने*

तातोपानीको बाफ लिनु बन्द नाकको समस्याबाट छुटकारा पाउने सबैभन्दा प्रभावकारी तरिका हो। यसबाट नाक हुँदै तातो हावा फोक्सोसम्म पुग्छ जसले रुघाखोकीको समस्या कम गर्न मदत गर्छ। यसले नाक खोल्छ र कफ बाहिर निस्कन्छ। बाफले नाकको म्युकसलाई पातलो बनाउँछ र साइनसको दबाब कम गर्छ। यसबाट संक्रमणको जोखिम पनि घट्छ।

*कसरी गर्ने ? :* स्टीमरबाट बाफ लिन सकिन्छ वा ठूलो भाँडामा पानी तताएर अनुहारलाई भाँडातिर झुकाएर र टाउकोलाई तौलिया वा कुनै कपडाले छोपेर पनि बाफ लिन सकिन्छ। दिनमा कम्तीमा २-३ पटक १०-१५ मिनेटसम्म यस्तो गर्न सकिन्छ।

*सावधानी :* बाफ लिँदा केही सावधानी अपनाउनुपर्छ। आँखा बन्द राख्नुपर्छ र पानी धेरै तातो नहोस् जलेर चोट नलागोस् भन्ने कुरामा पनि ध्यान दिनुपर्छ।

*२. तातोपानी पिइरहने*

रुघाखोकी र बन्द नाकको समस्या हटाउन हल्का तातोपानी पिउनु राम्रो उपाय हो। यसले शरीरलाई हाइड्रेट राख्नु साथै मौसमी रोगको संक्रमणबाट पनि बचाउँछ। यसले घाँटी र नाकको सुन्निने समस्या कम गर्छ र कफको समस्या हटाउँछ। तातो तरलले म्युकसलाई पातलो बनाउँछ र शरीरको इम्युन सिस्टमलाई बलियो बनाउँछ।

*कसरी गर्ने ? :* एक बोतलमा पानी तताएर राख्ने र बारम्बार पिइरहने गर्न सकिन्छ। तातोपानीमा अदुवा र मह मिसाएर पनि पिउन सकिन्छ यसबाट झन् छिटो राहत मिल्छ। दिनमा ८-१० गिलास तातोपानी पिउनुपर्छ। वैकल्पिक रूपमा हर्बल टी जस्तै क्यामोमाइल वा ग्रीन टी पनि प्रयोग गर्न सकिन्छ।

*सावधानी :* यदि ग्याष्ट्रिकको समस्या छ भने मह वा अदुवा कम मात्रामा प्रयोग गर्नुपर्छ।

*३. सेलाइन स्प्रे*

यदि बन्द नाकबाट धेरै दुःख भइरहेको छ भने सेलाइन स्प्रे प्रयोग गर्नु धेरै लाभदायक हुन्छ। एक अध्ययनअनुसार नेजल सेलाइन ड्रप बन्द नाक र रुघाखोकीबाट छुटकारा पाउन प्रभावकारी उपाय हो। यसले कफलाई पातलो बनाउँछ जसबाट बन्द नाक छिट्टै ठीक हुन्छ। सेलाइनले नाकको पर्खाललाई मोइस्चराइज गर्छ र एलर्जीका कारकलाई बाहिर निकाल्छ।

*कसरी गर्ने ? :* यो घरमै बनाउन सकिन्छ। यसका लागि एक कप तातोपानीमा थोरै नुन र एक चुटकी बेकिङ सोडा मिसाएर स्प्रे बनाउन सकिन्छ। स्प्रे बोतलमा राखेर दिनमा ३-४ पटक नाकमा स्प्रे गर्नुपर्छ।

*सावधानी :* पानीलाई उमालेर चिसो बनाएर प्रयोग गर्नुपर्छ। अन्यथा संक्रमण जोखिम हुन्छ। बच्चाहरूमा सावधानीपूर्वक प्रयोग गर्नुपर्छ।

*४. तातो कपडाबाट सेक्ने*

वार्म कम्प्रेस अर्थात् तातो कपडालाई नाकमा राख्दा नाकको बाटो खुल्न सक्छ र बन्द नाकको समस्या हट्छ। यसका लागि तातोपानीमा रुमाल भिजाउने र त्यसलाई निचोरेर पट्याएर नाकमा राख्नुपर्छ। यो बन्द नाकको प्रभावकारी उपचार हो। यो कफलाई पातलो बनाउने पनि प्रभावकारी तरिका हो। तातो कम्प्रेसले रक्तसञ्चार बढाउँछ र साइनसको दुखाइ कम गर्छ।

*कसरी गर्ने ? :* तौलियालाई ५-१० मिनेटसम्म नाक र साइनस क्षेत्रमा राख्ने। दिनमा ४-५ पटक दोहोर्‍याउनुपर्छ। वैकल्पिक रूपमा हट वाटर ब्याग पनि प्रयोग गर्न सकिन्छ।

*सावधानी :* कपडा धेरै तातो नहोस्, छाला जल्न सक्छ। यदि साइनस इन्फेक्सन छ भने चिसो कम्प्रेस पनि वैकल्पिक रूपमा प्रयोग गर्न सकिन्छ।

*५. बेसार मिसिएको दूध पिउने*

जाडोको मौसममा नियमित रूपमा राति सुत्नुअघि एक कप दूधमा आधा चम्चा बेसार मिसाएर पिउन सकिन्छ। बेसारयुक्त दूधलाई एन्टि-भाइरल र एन्टि-ब्याक्टेरियल गुणका कारण रुघा, खोकी र नाक बन्द हुने समस्या ठीक गर्न उपयोगी मानिन्छ। बेसारमा कर्कुमिन हुन्छ जसले सुन्निने समस्या कम गर्छ र रोगप्रतिरोधि क्षमता बढाउँछ।

*कसरी गर्ने ? :* दूधलाई हल्का तताएर बेसार मिसाउने, थोरै मह वा मरिच थप्न सकिन्छ। राति १ कप पिउनुपर्छ।

*सावधानी :* यदि दूधको एलर्जी छ भने सोया मिल्क वा अन्य विकल्प प्रयोग गर्नुपर्छ। गर्भवती महिलाहरूले चिकित्सकसँग सल्लाह लिनुपर्छ।

*६. ह्युमिडिफायर प्रयोग गर्ने वा आर्द्रता बढाउने*

सुख्खा हावाले नाक बन्द हुने समस्या बढाउँछ, त्यसैले कोठाको आर्द्रता बढाउनु महत्वपूर्ण छ। ह्युमिडिफायरले हावामा ओसिलोपन थप्छ जसले नाकको म्युकसलाई पातलो बनाउँछ र सास फेर्न सजिलो हुन्छ। यसले साइनस इन्फेक्सनबाट पनि बचाउँछ।

*कसरी गर्ने ? :* घरमा ह्युमिडिफायर राख्ने वा कोठामा तातोपानीको भाँडो राखेर आर्द्रता बढाउन सकिन्छ। दिनमा ४०-६० प्रतिशत आर्द्रता कायम राख्नुपर्छ।

*सावधानी :* ह्युमिडिफायरलाई नियमित सफा गर्नुपर्छ, अन्यथा किटाणु बढ्न सक्छ। यदि एलर्जी छ भने कूल मिस्ट ह्युमिडिफायर प्रयोग गर्न सकिन्छ।

# पाकिस्तानद्वारा अफगान तालिवान विरूद्ध 'खुला युद्ध'को घोषणा

काठमाडौं १५ फागुन। काठमाडौं। पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले अफगान तालिवानविरूद्ध 'खुला युद्ध'को घोषणा गरेका छन्। पाकिस्तानी रक्षामन्त्रीले अफगान तालिवानलाई चेतावनी दिँदै भनेका छन्- हाम्रो धैर्य समाप्त भइसक्यो। अब खुला युद्ध हुन्छ।

बीबीसी उर्दुका अनुसार सोशल मिडिया प्लेटफर्म एक्समा जारी बयानमा उनले अफगान तालिवानमाथि 'अफगानिस्तानमा विश्वभरबाट आतंकवादीहरू एकत्रित गरेको आरोप लगाएका छन्।

काबुलमा अन्तरिम सरकारले आतंकवाद निर्यात गरेको पाकिस्तानी रक्षामन्त्री आसिफको आरोप छ।

अफगानिस्तानमा तालिवान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले पाकिस्तानद्वारा राजधानी काबुल, पक्तिका र कन्धारका केही स्थानहरूमा बमवारी भएको पुष्टि गरेका छन्। उनले आक्रमणबाट कुनै हताहती भने नभएको बताएका छन्।

पाकिस्तानी रक्षामन्त्री आसिफले अफगान तालिवानले आफ्नो मुलुकका नागरिकलाई मानवाधिकारबाट वञ्चित गरेको र इस्लामले महिलालाई दिएको अधिकार खोसेको पनि आरोप लगाएका छन्।

बीबीसी उर्दुका अनुसार पाकिस्तानी सरकारले अहिलेसम्म सैन्य अभियानका क्रममा अफगान तालिवानका १३३ सदस्य मारिएका र दुई सय घाइते भएका दाबी गरेको छ।

पाकिस्तानका सूचनामन्त्री अताउल्लाह तरारले एक्समार्फत् अफगानिस्तानका काबुल, पक्तिका र कन्धारमा रहेका अफगान तालिवानका रक्षा स्थलहरूलाई निशाना बनाइएको बताएका छन्।

उनले पाकिस्तानको अभियानमा अफगान तालिवानका दुई कोर मुख्यालय, दुई हतियार डिपो, एक लजिस्टिक्स गोदाम, तीन बटालियन मुख्यालय, दुई सेक्टर मुख्यालय र ८० भन्दा बढी ट्यांक नष्ट गरिएको पनि दाबी गरेका छन्।

यद्यपि, बीबीसी हिन्दीले दाबीको स्वतन्त्र रूपले पुष्टि गर्न नसकिएको बताएको छ। पाकिस्तानी सूचनामन्त्री अताउल्लाहले पाकिस्तानका तर्फबाट अफगान तालिवानविरूको अभियान अहिले पनि जारी रहेको उल्लेख गरेका छन्।

*अबेर रातिदेखि विष्फोटको आवाज*

समाचार एजेन्सी एएफपीका अनुसार बिहानै अफगानिस्तानको राजधानी काबुलमा ठूलो विष्फोटको आवाज आएको छ। समाचार एजेन्सीका अनुसार राति करिब १.५० बजे पूरै शहरमा लडाकु विमानहरूको आवाजका साथै विष्फोटको आवाज सुनिएको थियो। यस्तै सेन्ट्रल काबुलमा बिहान करिब २.३० बजेसम्म गोली चलेको आवाज सुनिएको छ।

काबुल र कन्धारमा भएको आक्रमण पाकिस्तान र अफगानिस्तानबीच विगत केही समयदेखि चल्दै आएको झडपको श्रृंखलामा सबैभन्दा नयाँ हो। दुवै देश अक्टोबर २०२५ मा युद्धविरामका लागि सहमत भएका थिए।

पछिल्लो साता पाकिस्तानले अफगानिस्तानमा रातभर हवाई आक्रमण गरेको थियो। तालिवानले उक्त आक्रमणमा परी महिला र बालबालिका गरी १८ जनाको मृत्यु भएको थियो।

*एकअर्कामाथि आरोप*

पाकिस्तानी र अफगान सेना एक-अर्कामाथि पहिले आक्रमण सुरू गरेको आरोप लगाउँदै आएका छन्। दुवै देशका सेनाहरू एक-अर्कालाई ठूलो क्षति पुऱ्याइएको पनि दाबी गर्दै आएका छन्।

पाकिस्तानी अधिकारीहरूले शुक्रबार पनि अफगान आक्रमणको जवाफमा काबुल र कन्धारसमेतका शहरहरूमा 'काउन्टर स्ट्राइक' गरिएको दाबी गरेका छन्। अफगान तालिवानले यो साताको सुरूवातमा भएको आक्रमणको जवाफमा व्यापक रूपमा अपरेशन गरिएको बताएको छ। उसले अपरेशनका क्रममा कमितमा पनि १८ जना मारिएका पनि दाबी गरेको छ।

तालिवानका सैन्य प्रवक्ता वहिदुल्लाह मोहम्मदीले भने, 'जवाफी अपरेशन बिहीबारे स्थानीय समयअनुसार राति करिब ८ बजेबाट सुरू गरिएको थियो।'

मुख्य प्रवक्ता जबिहुल्लाह मुजाहिदले जवाफी कारबाहीमा पाकिस्तानी सैनिक मारिएका र अन्य कयौंलाई पक्राउ गरिएको दाबी गरेका छन्। तर, पाकिस्तानी अधिकारीहरूले उक्त दाबी अस्वीकार गरेका बीबीसीले जनाएको छ।

*ताजा संघर्षको सुरूवात*

अफगानिस्तानका पूर्व राष्ट्रपति हामिद करजईले काबुल, कन्धार र पक्तिकामा भएको पाकिस्तानी आक्रमणको निन्दा गरेका छन्। उनले एक्समा एक पोस्ट गर्दै लेखेका छन्, 'अफगानिस्तानका नागरिक एकताका साथ आफ्नो धर्तीको रक्षा गर्ने छन् र साहसका साथ आक्रामकतालाई जवाफ दिनेछन्।'

पाकिस्तान र अफगान तालिवानबीच संघर्षको सुरूवात गत वर्ष ७-८ अक्टोबरको रातिबाट भएको थियो। त्यो बेला पाकिस्तानी सेनाले ओरकजईमा गुप्तचरको जानकारीका आधारमा कारबाही गरिएको प्रतिक्रिया दिएको थियो।

८ अक्टोबरमै पाकिस्तानी रक्षामन्त्री आसिफले संसदमा भनेका थिए, 'सरकार र सेनाको धैर्य समाप्त भइसकेको छ। चरमपन्थीहरूलाई शरण दिनेले अब नतिजा भोग्नु पर्नेछ।'

पाकिस्तान लामो समयदेखि अफगानिस्तानको तालिवान सरकारसँग प्रतिबन्धित तहरिक-ए-तालिबान पाकिस्तान (टीटीपी) विरूद्ध कारबाहीको माग गर्दै आएको छ। पछिल्लो समय यो माग अझै तीब्र भएको छ।

उक्त घटनापछि दुई पक्षबीच लगातार तनाव बढ्दै गएको छ। तनाव कम गर्न दुई देशबीच शान्ति वार्ता र सम्झौता पनि भएको छ। तर, संघर्ष समाप्त भएको छैन।बीबीसी हिन्दीबाट

# जनकपुरधाममा 'स्मृति-दंश' माथि विमर्श

दैनिक समाचारदाता

जनकपुरधाम १५ फागुन । वरिष्ठ साहित्यकार तथा राजनीतिक विश्लेषक सुरेन्द्र लाभद्वारा लिखित मैथिली कथा(संग्रह 'स्मृति(दंश' एक समारोहबीच लोकार्पण गरिएको छ । जनकपुरधाममा आयोजित कार्यक्रममा करिब दुई दर्जन वरिष्ठ साहित्यकार, पत्रकार तथा साहित्यप्रेमीहरूको उपस्थिति रहेको थियो । पुस्तक सार्वजनिकसँगै संग्रहमा समावेश कथाहरूमाथि विस्तृत कथा(वार्ता पनि गरिएको छ ।



पुस्तकका लेखक डा.सुरेन्द्र लाभको अध्यक्षतामा भएको कथा वार्तामा वरिष्ठ साहित्यकार रेवतीरमण, रामभरोष कापडि, डा.भोगेन्द्र झा, प्रो.परमेश्वर कापडि, श्यामसुन्दर शशि, हिमांशु चौधरी, वृजकुमार यादव, उमेश साह, नित्यानन्द मण्डल, सुजित झा, राजेश कर्ण, कैलास दास, पुरण गुप्ता, सुरेश यादव, पुनम झा मैथिल सहितले कथामाथि आफ्ना प्रतिक्रिया जनाएका छन् ।

एक सय २८ पृष्ठका रहेको 'स्मृति(दंश' संग्रहमा कुल २६ वटा कथा समावेश छन् । पुस्तकलाई तीन खण्डमा विभाजन गरिएको छ । आठ वटा परम्परागत कथा, आठ वटा कथा(रिपोर्ताज र १० वटा लघुकथा रहेको छ । यस संरचनाले पुस्तकलाई केवल कथा(संग्रह मात्र नभई विधागत प्रयोगको दस्तावेजका रूपमा पनि उभ्याएको छ ।

कार्यक्रममा बोल्दै समीक्षक डा. भोगेन्द्र झाले मैथिली साहित्यमा कथा(रिपोर्ताजको समावेशी प्रयोगलाई ऐतिहासिक प्रयासका रूपमा चित्रित गरेका छन । उहाँका अनुसार, 'स्मृति( दंश' मैथिली भाषामा कथा( रिपोर्ताजलाई संगठित रूपमा प्रस्तुत गर्ने सम्भवतः पहिलो कृति हो, जसले साहित्यिक अभिव्यक्तिलाई नयाँ आयाम दिएको छ । उहाँले यसलाई मैथिली भाषा र साहित्यका लागि सकारात्मक तथा उन्नत पहलका रूपमा व्याख्या गरेका छन ।

संग्रहका कथाहरू लेखकका व्यक्तिगत अनुभव, भोगाइ र समयसँगको संघर्षबाट जन्मिएका छन् । शीर्षकले संकेत गरेझैं, स्मृतिका तीखा चिराहरू(पीडा, विस्थापन, सामाजिक अन्याय र राजनीतिक जटिलताहरू( कथाका मूल स्वर बनेका छन् । भाषा सरल र सहज भए पनि कथाको भावभूमि गहिरो राजनीतिक चेतना, सामाजिक यथार्थ र प्रवासी जीवनले भोग्दै आएका समस्यामाथि केन्द्रित रहेको छ ।

सहभागी साहित्यकारहरूले कथाको कथ्य, पात्र(निर्माण, संरचना तथा भाषा(शैलीका विविध पक्षमा सुझाव दिएका छन् । कतिपयले कथा(रिपोर्ताज विधामा अझ स्पष्ट संरचनात्मक अनुशासन आवश्यक रहेको उल्लेख गरे भने केहीले लघुकथामा भावनात्मक घनत्व थप सशक्त बनाउन सुझाव दिएका छन् ।

कार्यक्रमको समापन गर्दै लेखक सुरेन्द्र लाभले सबै समीक्षात्मक सुझावलाई आत्मसात् गर्ने प्रतिबद्धता जनाएका छन । उनले आगामी संस्करणमा प्राप्त सुझावअनुसार परिमार्जन र परिष्कार गरी अझ परिपक्व रूपमा कृति प्रस्तुत गर्ने बताएका छन् ।

डा. लाभ मधेश प्रदेशका प्रदेश प्रमुख हुन् । साहित्य र सार्वजनिक जीवन दुवै क्षेत्रमा सक्रिय उनको यो कृति मैथिली साहित्यिक वृत्तमा समकालीन बहस र विमर्शको नयाँ आधार बन्न सक्ने अपेक्षा गरिएको छ ।

# संविधान कार्यान्वयनमा एकता आवश्यक : नेता निधि

दैनिक समाचारदाता

जनकपुरधाम, १५ फागुन । नेपाली काँग्रेसका नेता तथा धनुषा क्षेत्र नं. ३ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विमलेन्द्र निधिले मुलुकको वर्तमान राजनीतिक चुनौती समाधानका लागि संविधानलाई सही मार्गमा कार्यान्वयन गर्नु नै अहिलेको प्रमुख राष्ट्रिय जिम्मेवारी भएको बताएका छन् ।निधिले शुक्रवार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै देशमा देखिएको राजनीतिक अस्थिरता, व्यवस्थाप्रति बढ्दो जनअसन्तुष्टि तथा संघीय संरचनाको प्रभावकारी कार्यान्वयनमा देखिएका कमजोरीप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् ।




उनले संविधानलाई 'लिकमा ल्याउने' दायित्व कुनै एक दलको मात्र नभई सम्पूर्ण राजनीतिक शक्तिको साझा जिम्मेवारी भएको उल्लेख गर्दै त्यसका लागि व्यापक राजनीतिक सहकार्य र प्रतिबद्धता आवश्यक रहेको बताए ।

"संविधान आफैंमा उत्कृष्ट दस्तावेज हो, तर यसको प्रभावकारी कार्यान्वयनका लागि इमान्दारिता, स्पष्ट दृष्टिकोण र दृढ प्रतिबद्धता अपरिहार्य छ," उनले भने, "जनताको अधिकार सुनिश्चित गर्न तथा विकास प्रक्रियालाई तीव्रता दिन संविधानको मर्म र भावना अनुरूप कार्य गर्नुपर्छ।"निधिले संविधान कार्यान्वयनका क्रममा देखा परेका जटिलता हटाउन सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय अझ सुदृढ बनाउनुपर्नेमा जोड दिए। तीनै तहबीचको अधिकार बाँडफाँट, स्रोत व्यवस्थापन तथा नीतिगत स्पष्टतामा सुधार नगरेसम्म सङ्घीयता प्रभावकारी बन्न नसक्ने उनको भनाइ थियो।

उनले सङ्घीयता, समावेशिता, धर्मनिरपेक्षता र लोकतान्त्रिक गणतन्त्रजस्ता संवैधानिक उपलब्धिलाई संस्थागत गर्दै अघि बढ्नु आजको आवश्यकता भएको उल्लेख गरे। संविधानमाथि अनावश्यक टीकाटिप्पणी र विवाद सिर्जना गर्नुको सट्टा यसको सफल कार्यान्वयनतर्फ केन्द्रित हुन राजनीतिक दलहरूलाई उनले आग्रह गरे। राजनीतिक स्थायित्व, सुशासन र जनविश्वास पुनःस्थापनाका लागि संविधानको प्रभावकारी कार्यान्वयन नै मूल आधार हुने उनको निष्कर्ष थियो।

## जनमतका......

वर्तमान परिस्थितिमा जिम्मेवार र अनुभवी राजनीतिक दलको आवश्यकता महसुस गर्दै आफू कांग्रेसमा आबद्ध भएको उनले बताए ।

साहलाई स्वागत गर्दै नेता निधिले कांग्रेस समावेशी र विभेदरहित पार्टी भएको उल्लेख गर्दै नयाँ ऊर्जा र हौसलासहित अघि बढ्न आग्रह गरे । "तपाईंको मूल्यांकन सही छ । नेपाली कांग्रेसले कसैसँग विभेद गर्दैन । तपाईंको आगमनले हाम्रो मनोबल अझ बलियो भएको छ," निधिले भने ।

शम्भुनाथ साह २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नं. ३ बाट उम्मेदवार बनेका थिए। उक्त निर्वाचनमा उनले आठ हजारभन्दा बढी मत प्राप्त गरेको बताइएको छ। कांग्रेसले साहको प्रवेशलाई मधेस क्षेत्रमा संगठन सुदृढीकरणको दृष्टिले महत्वपूर्ण रूपमा हेरेको छ ।

# करेन्ट लागेर टिपर चालकको मृत्यु

दैनिकसमाचारदाता

सिरहा, १४ फागुन । यहाँको गोलबजार नगरपालिका-२ स्थित गुरुधाम जाने बाटोमा टिपरको हाइड्रोलिक उठाउने क्रममा करेन्ट लागेर चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गोलबजार नगरपालिका-३ घर भई वडा नं २ मा बस्दै आएका करिब ४३ वर्षीय सन्तोष साह रहनुभएको प्रहरीले जनाएको छ ।

आज बिहान प्रदेश २-०-००१ क ००४५ नम्बरको टिपरको पछिल्लो भाग सफा गर्ने क्रममा हाइड्रोलिक उठाउँदा विद्युत् प्रसारण लाइनमा छोएपछि करेन्ट लाग्दा टिपरमा आगलागी भएको थियो ।

गम्भीर घाइते भएका सवारीधनी समेत रहनुभएका साहलाई तत्काल उद्धार गरी उपचारका लागि स्थानीय हेल्थ केयर अस्पताल लगिएकामा चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिनुभयो ।

घटनाबारे जानकारी पाएलगत्तै प्रहरी घटनास्थल पुगेर आगो नियन्त्रणमा लिएको थियो । शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

# युवकको बीभत्स हत्या, तीन जना नियन्त्रणमा

दैनिक समाचारदाता

जनकपुरधाम १५ फागुन । धनुषामा प्रेम सम्बन्धकै कारण एक युवकको निर्मम हत्या भएको खुलेको छ । बिहीबार दिउँसो ४ बजे औरही गाउँपालिका-६ को खेतमा मृत भेटिएका हंसपुर नगरपालिका-९ रुदौलीका १९ वर्षीय सुमित मण्डलको प्रेम सम्बन्धकै कारण हत्या भएको खुलेको हो ।



मण्डलको शव घाँटी रेटिएको अवस्थामा फेला परेको थियो । घाँटी अगाडिबाट धारिलो हतियार प्रयोग गरेर रेटेको र शरीरका अन्य भागमा समेत कुटपिटका गम्भीर चोट देखिएको प्रहरीले जनाएको छ ।

धनुषा प्रहरीले शुक्रबार हत्यामा संलग्न भएको आरोपमा तीन जनालाई पत्रकार सम्मेलन गरेरै सार्वजनिक गरेको छ ।

धनुषा प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) रुगमबहादुर कुँवरले मृतक मण्डलको हंसपुर-६ की एक १७ वर्षीय किशोरी काजलकुमारी मण्डलसँग प्रेम सम्बन्ध रहेको खुलेको बताए ।

हत्या आरोपमा प्रहरीले काजलसहित उनका दाजु २० वर्षीय दिपेशकुमार मण्डल र काका २९ वर्षीय परमेश्वर मण्डललाई पक्राउ गरेको छ ।

प्रारम्भिक अनुसन्धानमा सुमित र काजल एक वर्षदेखि प्रेम सम्बन्धमा रहेको खुलेको प्रहरीले जनाएको छ । बुधबार काजलको घरमा कोही नभएको मौका पारेर सुमित उनलाई भेट्न पुगेका थिए ।

सुमित घरभित्र प्रवेश गरेपछि काजलका काका परमेश्वरले थाहा पाए । त्यसपछि उनले सुमितलाई नियन्त्रणमा लिएर काजलका दाजु दिपेशलाई बोलाएका थिए । दुवै मिलेर सुमितका हात पछाडिबाट डोरी र गम्छाले बाँधी कुटपिट गरे ।

कुटपिटपछि सुमितलाई मोटरसाइकलमा राखेर डेढ किलोमिटर टाढा खेतमा लगेर घाँटी रेटेर हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ ।

प्रहरीले हत्या गर्न प्रयोग गरिएको खुकुरी, मोटरसाइकल तथा अन्य सामग्री बरामत गरेको जनाएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४